# अख्तियार दुरुपयोग अनुसन्धान आयोग
# टंगाल, काठमाडौं

मिति: २०८१।०५।२८ गते।

## प्रेस विज्ञप्ति

**विषयः** प्रतिवादीहरु रमेश शर्मा, राजेश्वर प्रसाद चौरसियासमेत रहेको भ्रष्टाचार मुद्दामा विशेष अदालतबाट भएको फैसलाउपर आयोगलाई चित्त नबुझी सम्मानित सर्वोच्च अदालतमा पुनरावेदन गरिएको।

अख्तियार दुरुपयोग अनुसन्धान आयोगबाटः-

**प्रतिवादी रमेश शर्माले** भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (३) र दफा १७ द्वारा परिभाषित कसुर समेत गरेको देखिँदा निज उपर दस्तुरको बहानामा राष्ट्रसेवकलाई घुस/रिसवत वापत दिएको रकम रु. ३,५०,०००।- र नक्कली तथा गलत कागजातहरुबाट विद्यालयमा कार्यरत रही तलव भत्ता बुझिलिइ नेपाल सरकारलाई हानी नोक्सानी पुर्याएको रकम रु.३,०४,२१०।–- समेत गरी बिगो रु. ६,५४,२१०।- (छ लाख चौवन्न हजार दुई सय दश) कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (३) र दफा १७ मा उल्लेख भएबमोजिम सोही ऐनको दफा ३ को उपदफा (१) र दफा ३ को उपदफा (१) को देहाय (ङ) बमोजिम सजायँ गरी घुस रिसवत दिएको रकम विगो रु. ३,५०,०००। ऐ. को दफा ३ को उपदफा (१) बमोजिम असुल गरि जफत हुन र नेपाल सरकारलाई हानी नोक्सानी भएको विगो रु. ३,०४,२१०।(तिन लाख चार हजार दुई सय दश) सोही ऐनको दफा १७ बमोजिम असुल उपर हुन

**प्रतिवादी राजेश्वर प्रसाद चौरसियाले** भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) र दफा १७ द्वारा परिभाषित कसुर समेत गरेको देखिँदा निज उपर रमेश शर्माबाट दस्तुरको बहानामा गैरकानूनी लाभ घुस रिसवत लिएको रकम रु. ३,५०,०००।- र आफैंले नक्कलि तथा गलत कागजातहरुका आधारमा विद्यालयमा कामकाजमा लगाएका तथा सिफारिस गरेका रमेश शर्मालाई तलव भत्ता वापत भुक्तानी दिलाई आफ्नो अधिकारको दुरुपयोग गरी नेपाल सरकारलाई हानी नोक्सानी पुर्याएको रकम रु. ३,०४,२१०।–समेत गरी विगो रु. ६,५४,२१०।- (छ लाख चौवन्न हजार दुई सय दश) कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) र दफा १७ मा उल्लेख भएबमोजिम सोही ऐनको दफा ३ को उपदफा (१) र दफा ३ को उपदफा (१) को खण्ड (ङ) बमोजिम सजायँ गरी घुस रिसवत लिएको रकम विगो रु. ३,५०,०००। ऐ.ऐनको दफा ३ को उपदफा (१) बमोजिम असुल गरि जफत हुन र नेपाल सरकारलाई हानी नोक्सानी भएको विगो रु. ३,०४,२१०। ऐ. को १७ बमोजिम असुल उपर हुन,

**प्रतिवादी नागेन्द्र पटेल भन्ने नागेन्द्र प्रसादले** भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ बमोजिमको कसुरमा मतियार हुने कार्य कसूर गरेको पुष्टि हुन आएकोले निजलाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २२ को प्रतिवन्धात्मक वाक्यांशमा उल्लेख बमोजिम रु. ३,०४,२१०।- (तीन लाख चार हजार दुई सय दश) विगो कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) र दफा ३ को उपदफा (१) को खण्ड (घ) बमोजिम सजाय हुन,

मागदाबी लिई विशेष अदालत, काठमाडौंमा आरोपपत्र दायर गरिएकोमा विशेष अदालतले मिति २०८०/०९/२२ को फैसलाबाट प्रतिवादी रमेश शर्माले यस अदालतमा बयान गर्दा आफूले रिसवत् भनी दिएको र प्रतिवादी राजेश्वर प्रसाद चौरसियाले लिएको तथ्य ईन्कारी वयान गरेतापनि प्रतिवादी राजेश्वर प्रसाद चौरसियाले अनुसन्धान अधिकारी समक्षको बयानमा लेखाएको रु.१८,०००।- लाई नै रिसवतको बिगो कायम गर्न न्यायोचित हुने देखियो भनी मागदाबी रहेको कसुरमा आंशिक ठहर गरी फैसला गरेकोमा आयोगलाई चित्त नबुझी सम्मानित सर्वोच्च अदालतमा निम्न आधारहरु लिई मिति २०८१।०५।२७ मा पुनरावेदन गरिएको छ।

**देहायः**

क) प्रतिवादी रमेश शर्माले अनुसन्धान अधिकारी समक्ष बयान गर्दा जगरनाथपुर गाउँपालिकाका शिक्षा अधिकृत वि.नि. राजेश्वर प्रसाद चौरसियासंग भेट हुँदा निजले जागिरको प्रलोभन देखाइ निवेदन दस्तुर, अभिलेख दस्तुर जस्ता विभिन्न किसिमका दस्तुरहरुको बहानामा पटक पटक गरी रु. ३,५०,०००।- लिएर श्री ने.रा.प्रा.वि. पाण्डेपुर पर्सामा सरुवा भएको पत्र र हाजिर हुन जाने रमानापत्र समेत दिइ निज राजेश्वर प्रसाद चौरसिया आफैंले साथ लिइ गई श्री ने.रा.प्रा.वि. पाण्डेपुर पर्सामा हाजिर गराए भनी वयान गरेको देखिएबाट प्रतिवादीहरु राजेश्वर प्रसाद चौरासिया र रमेश शर्माले घुस/रिसवत लिएको/दिएको रकम रु.३,५०,०००।-(तीन लाख पचास हजार) कायम गरी सजाय गर्नु पर्नेमा विशेष अदालतले फैसला गर्दा समेत अनुसन्धान अधिकारी समक्षको बयानमा प्रतिवादी राजेश्वर प्रसाद चौरासिया स्वयमंले लिएको भनी लेखाएको रु.१८,०००।लाई नै रिसवतको बिगो कायम गर्न न्यायोचित हुने देखियो भनी भएको फैसला त्रुटिपूर्ण रहेको।

ख) अभियोग लागेको व्यक्तिले सो अभियोगबाट उन्मुक्ति पाउन वा सजायमा कमी वा छूट पाउने जिकीर लिएमा सो कुराको प्रमाण पुऱ्याउने भार पनि निज उपर नै हुन्छ भनी सर्वोच्च अदालतबाट सिद्धान्त प्रतिपादित भएको अवस्थामा प्रतिवादीहरु रमेश शर्मा र राजेश्वर प्रसाद चौरसियाले घुस/रिसवत नलिए/नदिएको कुराको प्रमाण पुऱ्याउने भार निजहरुमा निहित हुनेमा निजहरुले घुस/रिसवत नलिएको/नदिएको कुनै प्रमाण पेश गर्न नसकेको देखिदाँ प्रतिवादीहरु रमेश शर्मा र राजेश्वर प्रसाद चौरसियालाई घूस/रिसवत लिए/दिएको तर्फको आरोपपत्र मागदावीमा सफाई दिने गरी भएको फैसला त्रुटिपूर्ण रहेको।

ग) प्रतिवादी राजेश्वर प्रासाद चैरसियाले अनुसन्धान अधिकारी समक्ष बयान गर्दा नागेन्द्र पटेल भन्ने नागेन्द्र प्रसाद समेतको आग्रहमा रमानापत्र मैले लेखिदिएको हुँ र निकासाको लागी सिफारिस गरिदिएको हुँ भनी बयान गरेको देखिएबाट गलत तथा नक्कली कागजातहरुका आधारमा विभिन्न व्यक्तिहरुलाई शिक्षकको रुपमा तलव भत्ता समेत भुक्तानी दिलाउन एवं गैरकानूनी लाभ प्राप्त गर्न प्रतिवादी नागेन्द्र पटेल भन्ने नागेन्द्र प्रसादले जगरनाथपुर गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय शिक्षा शाखाका शिक्षा अधिकृत (विद्यालय निरीक्षक) राजेश्वर प्रसाद चौरसियाको निजले सहयोगी मतियारको भूमिका निर्वाह गरेको पुष्टी भै रेहेको अवस्थामा अभियोगबाट सफाई दिने गरी भएको फैसला त्रुटिपूर्ण रहेको।

प्रवक्ता
नरहरि घिमिरे

## देहायः

| सि.न | प्रतिवादी | मुद्दा | आयोगको मागदावी | विशेष अदालतको फैसला र आधार | आयोगबाट सम्मानित सर्वोच्च अदालतमा पुनरावेदन गरिएका आधारहरु |
|---|---|---|---|---|---|
| १ | **प्र. रमेश शर्मा, राजेश्वर प्रसाद चौरसिया र नागेन्द्र पटेल भन्ने नागेन्द्र प्रसाद** (वि.अ. को मु.नं. ०७६-**CR**-०१०३), वि.अ. को फैसला मिति २०८०।०९।२२) | **घुस रिसवत लिई नक्कली तथा गलत कागजातहरुको आधारमा शिक्षक नियुक्ती गरी तलव भत्ता समेत भुक्तानी दिई नेपाल सरकारलाई हानिनोक्सानी पुर्याई भ्रष्टाचार गरेको** | प्रतिवादी रमेश शर्माले भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (३) र दफा १७ द्वारा परिभाषित कसुर समेत गरेको देखिँदा निज रमेश शर्मा उपर दस्तुरको बहानामा राष्ट्रसेवकलाई घुस रिसवत वापत दिएको रकम रु. ३,५०,०००।- र नक्कली तथा गलत कागजातहरुबाट विद्यालयमा कार्यरत रही तलव भत्ता वुझिलिइ नेपाल सरकारलाई हानी नोक्सानी पुर्याएको रकम रु. ३,०४,२१०।–- समेत गरी विगो रु. ६,५४,२१०।- (छ लाख चौवन्न हजार दुई सय दश) कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (३) र दफा १७ मा उल्लेख भएबमोजिम सोही ऐनको दफा ३ को उपदफा (१) र दफा ३ को उपदफा (१) को देहाय (ङ) बमोजिम सजायँ गरी घुस रिसवत दिएको रकम विगो रु. ३,५०,०००। ऐ. को दफा ३ को उपदफा (१) बमोजिम असुल गरि जफत हुन र नेपाल सरकारलाई हानी नोक्सानी भएको विगो रु. ३,०४,२१०।(तिन लाख चार हजार दुई सय दश) सोही ऐनको दफा १७ बमोजिम असुल उपर हुन मागदावी लिईएको, प्रतिवादी राजेश्वर प्रसाद चौरसियाले भ्रष्टाचार निवारण ऐन, | **फैसलाः**<br>प्रतिवादीहरु रमेश शर्मा र राजेश्वर प्रसाद चौरसियाको मिलोमतोमा नक्कली कागजात बनाई प्रतिवादी रमेश शर्माले तलब भत्ता वापत रु.३,०४,२१०/- भुक्तानी लिई बदनियतपूर्वक नेपाल सरकारको हानि नोक्सानी पुर्याएकी तथा उक्त कार्यावापत प्रतिवादी रमेश शर्मा दिने र राजेश्वर प्रसाद चौरसिया लिने भई रिसवत बापत रु.१८,०००/- लेनदेन गरेको देखिन आएकोले भ्रष्टाचार निवारण ऐन, २०५९ को उपदफा १७ बमोजिम प्रतिवादीहरुबाट जनही बिगो वापत रु. १,५२,१०५/- असुल गरी निज प्रतिवादीहरुलाई सोही ऐनको दफा ३ को उपदफा (१) (३) बमोजिम रिसवत र बिगो बमोजिम जनही जरिवाना रु.१,६१,१०५/- र सोही उपदफा (१) को खण्ड (घ) बमोजिम जनही ६ महिना कैदको सजाय हुने ठहर्छ।प्रतिवादी नागेन्द्र पटेल भन्ने नागेन्द्र प्रसादले मतियारको भूमिका निर्वाह गरेको तथ्य सबुत प्रमाणबाट पुष्टि हुन नआएकोले निजको हकमा आरोपदाबी पुग्न नसकी सफाई पाउने भनी मिति २०८०/०९/२२ मा फैसला भएको देखिन्छ।<br>**विशेष अदालत काठमाडौंले फैसला गर्दा निम्न आधार ग्रहण गरेको देखिन्छः**<br>क. प्रतिवादी राजेश्वर प्रसाद चौरसियाको कार्य जिम्मेवारी, र हैसियत यो कसूरसँग सम्बन्धित नै नरहेको अवस्था होईन । निजको जिल्ला शिक्षा कार्यालय सम्मको पहुँच, शिक्षकहरुको दरवन्दी विवरणको पहुँच, पारिश्रमिकको सिफारिस गर्दा शिक्षकको नाम सहितको सूची बनाउनु पर्ने कर्तव्य भएकोमा नबनाई गोश्वारा रकमको सिफारिस गरेको अवस्था एवं यो मुद्दा र लगाउमा रहेका समग्र मुद्दाहरुको स्थिति मध्येनजर गर्दा विवादित नक्कली कागजातहरु बनाई प्रतिवादी रमेश शर्मालाई श्री नेपाल राष्ट्रिय प्राथमिक विद्यालय पाण्डेपुर पर्सामा शिक्षक पदमा तलव भत्ता भुक्तानी गरेको आरोपित कसूरमा यी प्रतिवादीहरु रमेश शर्मा र राजेश्वर प्रसाद चौरसियाको संलग्नता देखिन आयो ।<br>ख. प्रथमतः नक्कली कागजातका आधारमा शिक्षक पदको तलव भत्ता भुक्तानी भएको तथ्य स्थापित भैसकेको छ । राष्ट्रसेवकले यस प्रकारको भ्रष्टाचारजन्य कार्य गर्दा कुनै | क. प्रतिवादी रमेश शर्माले अनुसन्धान अधिकारी समक्ष बयान गर्दा जगरनाथपुर गाउँपालिकाका शिक्षा अधिकृत वि.नि. राजेश्वर प्रसाद चौरसियासंग भेट हुँदा निजले जागिरको प्रलोभन देखाइ निवेदन दस्तुर, अभिलेख दस्तुर जस्ता विभिन्न किसिमका दस्तुरहरुको बहानामा पटक पटक गरी रु. ३,५०,०००।- लिएर श्री ने.रा.प्रा.वि. कौवाबन कटैया -९ पर्साको च.नं. ३९ मिति २०७४।२।१ को नियुक्ति पत्र, जिल्ला शिक्षा कार्यालय पर्साको च.नं. ३२९ मिति २०७४।२।१ को अभिलेख कायम गरी दरवन्दि सहित श्री ने.रा.प्रा.वि. पाण्डेपुर पर्सामा सरुवा भएको पत्र र श्री ने.रा.प्रा.वि. कौवाबन कटैया –को च.नं. ३७ मिति २०७४।७।२० को श्री ने.रा.प्रा.वि. पाण्डेपुरमा हाजिर हुन जाने रमानापत्र समेत दिइ निज राजेश्वर प्रसाद चौरसिया आफैंले साथ लिइ गइ श्री ने.रा.प्रा.वि. पाण्डेपुर पर्सामा हाजिर गराए भनी वयान गरेको देखिएबाट प्रमाण ऐन, २०३१ को दफा ९ बमोजिम प्रतिवादी प्रतिवादी रमेश शर्माले अनुसन्धानको बयानमा व्यक्त गरेको कुरालाई प्रमाणमा लिई आरोपदावी बमोजिम प्रतिवादीहरु राजेश्वर प्रसाद चौरासिया र रमेश शर्माले घुस/रिसवत लिएको/दिएको रकम रु.३,५०,०००।-(तीन लाख पचास हजार) कायम गरी सजाय गर्नु पर्नेमा विशेष अदालतले फैसला गर्दा समेत अनुसन्धान अधिकारी समक्षको बयानमा प्रतिवादी राजेश्वर प्रसाद चौरासिया स्वयमंले लिएको भनी लेखाएको रु.१८,०००।लाई नै रिसवतको बिगो कायम गर्न न्यायोचित हुने देखियो भनी फैसला गरेको देखिन्छ।विशेष अदालतले घुस/रिसपतको बापतको रकमको कम बिगो कायम गर्दा लिएको आधार भनेको कै अनुसन्धान अधिकारी समक्ष गरेको बयान नै देखिएकोमा स्वयम् प्रतिवादी प्रतिवादी रमेश शर्माले प्रतिवादी राजेश्वर प्रसाद चौरासियालाई पटक पटक गरी मसंगबाट रु. ३,५०,०००।- रिसवत लिएको भनी अनुसन्धानको अधिकारी समक्ष गरेको बयानलाई विशेष अदालतले प्रमाणमा नलिई केबल मात्र १८,०००/- घुस/रिसवत बापतको बिगो कायम गरी गरेको फैसला त्रुटीपुर्ण रहेको हुँदा प्रतिवादीहरु राजेश्वर प्रसाद चौरासिया र रमेश शर्माको हकमा घुस/रिसवत बापत लिए/दिएको रकम नगद रु. ३,५०,०००।— लाई बिगो कायम गरी आरोपपत्र मागदावी बमोजिम सजाय तथा बिगो असूल उपर हुन सादर अनुरोध छ।<br>ख. प्रतिवादी रमेश शर्माले अनुसन्धानको क्रममा बयान गर्दा राजेश्वर प्रसाद चौरसियालाई विभिन्न किसिमका दस्तुरहरुको बहानामा पटक पटक गरी मसंगबाट रु. ३,५०,०००।- रिसवत लिएको भनी बयान गरेको अवस्थामा प्रतिवादीहरु रमेश शर्मा र राजेश्वर प्रसाद चौरसिया बिच घुस/रिसवत बापत रु. ३,५०,०००।— लिए/दिएको पुष्टी हुन्छ।अभियोग लागेको व्यक्तिले सो अभियोगबाट उन्मुक्ति पाउन वा सजायमा कमी वा छूट पाउने जिकीर लिएमा सो कुराको प्रमाण पुऱ्याउने भार पनि निज उपर नै हुन्छ भनी सर्वोच्च अदालतबाट सिद्धान्त प्रतिपादित (ने.का.प २०६७ भाग ५२ अंक ४ निर्णय नं. ८३४०) भएको अवस्थामा प्रतिवादीहरु रमेश शर्मा र राजेश्वर प्रसाद चौरसियाले घुस/रिसवत नलिए/नदिएको कुराको प्रमाण पुऱ्याउने भार निजहरुमा निहित हुनेमा निजहरुले घुस/रिसवत नलिएको/नदिएको कुनै प्रमाण पेश गर्न नसकेको देखिदाँ प्रतिवादीहरु रमेश शर्मा र राजेश्वर प्रसाद चौरसियालाई घूस/रिसवत लिए/दिएको तर्फको आरोपपत्र मागदावीमा सफाई दिने गरी भएको फैसला त्रुटिपूर्ण रहेको देखिन्छ।<br>ग. प्रतिवादी रमेश शर्माले अनुसन्धानको क्रममा आफुले श्री ने.रा.प्रा.वि. कौवाबन कटैया -९ पर्साको विज्ञापनमा निवेदन दिइ छनौट परीक्षामा सहभागी भइ छनौट भइ नियुक्ति प्राप्त गरेको होइन।जगरनाथपुर गाउँपालिकाका शिक्षा अधिकृत वि.नि. राजेश्वर प्रसाद चौरसियासंग भेट हुँदा |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | २०५९ को दफा ३ को उपदफा (१) र दफा १७ द्वारा परिभाषित कसुर समेत गरेको देखिँदा निज राजेश्वर प्रसाद चौरसिया उपर रमेश शर्माबाट दस्तुरको बहानामा गैरकानूनी लाभ घुस रिसवत लिएको रकम रु. ३,५०,०००।- र आफैंले नक्कलि तथा गलत कागजातहरुका आधारमा विद्यालयमा कामकाजमा लगाएका तथा सिफारिस गरेका रमेश शर्मालाई तलव भत्ता वापत भुक्तानी दिलाई आफ्नो अधिकारको दुरुपयोग गरी नेपाल सरकारलाई हानी नोक्सानी पुर्याएको रकम रु. ३,०४,२१०।– समेत गरी विगो रु. ६,५४,२१०।- (छ लाख चौवन्न हजार दुई सय दश) कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) र दफा १७ मा उल्लेख भएबमोजिम सोही ऐनको दफा ३ को उपदफा (१) र दफा ३ को उपदफा (१) को खण्ड (ङ) बमोजिम सजायँ गरी घुस रिसवत लिएको रकम विगो रु. ३,५०,०००। ऐ.ऐनको दफा ३ को उपदफा (१) बमोजिम असुल गरि जफत हुन र नेपाल सरकारलाई हानी नोक्सानी भएको विगो रु. ३,०४,२१०। ऐ. को १७ बमोजिम असुल उपर हुन मागदावी लिईएको, प्रतिवादी नागेन्द्र पटेल भन्ने नागेन्द्र प्रसादले भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ | सवुत प्रमाण छाड्ने स्थिति सामान्यतया हुँदैन । नक्कली नियुक्ति र सरुवा पत्र नै तयार गरी त्यस्ता कागजातका आधारमा पारिश्रमिक भुक्तानी लिने कार्य सामान्य नभई जोखिमपूर्ण कार्य नै हुन्छ । यस्तो जोखिमको प्रत्यक्ष संरक्षण सम्वन्धित संस्थाका प्रमुख र खर्च लेख्ने अधिकारी एवं अनुगमन नियमन गर्ने अधिकारीबाट नै सम्भव हुन्छ । प्रतिवादी रमेश शर्माले यस अदालतमा बयान गर्दा आफूले रिसवत् भनी दिएको र प्रतिवादी राजेश्वर प्रसाद चौरसियाले लिएको तथ्य ईन्कारी गरेको भएपनि परीक्षा दस्तुर रु. १२५० ।- र भोजभतेरको लागि रु.२०,०००।- मसँग लिएको तथ्य लेखाएको पाईन्छ। विना फाईदा यस्तो जोखिमपूर्ण कार्य गरिने र गराईने पनि हुँदैन। लगाउमा रहेका ०७६-CR-००८६, ०७६-CR- ००८९, ०७६-CR-००९२, ०७६-CR-०१०४, ०७६- CR-०१०५, ०७६-CR-०१०६ लगायतका मुद्दामा आफूले रकम लिएको तथ्य प्रतिवादी राजेश्वर प्रसाद चौरसिया स्वयंले पनि स्वीकार गरेको पाईन्छ । तसर्थ अनुसन्धान अधिकारी समक्षको बयानमा निज स्वयंले लिएको भनी लेखाएको रु. १८,०००।- लाई नै रिसवतको बिगो कायम गर्न न्यायोचित हुने देखियो ।<br>ग. अर्का प्रतिवादी नागेन्द्र पटेल भन्ने नागेन्द्र प्रसादका हकमा विचार गर्दा निज उपर मतियारको दावी रहेको देखिन्छ। श्री नेपाल राष्ट्रिय प्राथमिक विद्यालय जमुनियाँ पर्साका प्रधानाध्यापक निजले प्रतिवादी राजेश्वर प्रसादलाई रिसवत दिनुपर्ने कारण देखिंदैन । नियुक्ति पाउने र लाभ लिने प्रतिवादी रमेश शर्माले अनुसन्धान अधिकारी तथा यस अदालत समक्ष समेत बयान गर्दा यी प्रतिवादी नागेन्द्र प्रसादले आफूबाट कुनै फाईदा लिएको वा प्रतिवादी राजेश्वर प्रसाद चौरसियाबाट काम लिन भनी कुनै सल्लाह वा रकम लिएको भनी लेखाएको पाईदैन। स्वयं राजेश्वरले यस अदालमा बयान गर्दा उक्त गैरकानूनी कार्य गर्नमा यी प्रतिवादीले आफूलाई यसरी सहयोग गरेको भनी लेखाउन सकेको पाईदैन ।<br>घ. यसै लगाउमा वीस थान मुद्दा पेस हुन आएको छ । प्रत्येक मुद्दामा निज राजेश्वर प्रसाद चौरसियाले नै विवादित कागजातहरु ल्याईदिएको भनी प्रतिवादीहरुले बयान गरेको देखिन्छ भने निजलाई सवै मुद्दामा सजाय हुने ठहर समेत भएको छ । एक विद्यालयको नक्कली नियुक्ति तयार गर्ने र जिल्ला शिक्षा कार्यालयबाट काज सरुवा गरिएको नक्कली | जागिरको प्रलोभन देखाइ निवेदन दस्तुर, अभिलेख दस्तुर जस्ता विभिन्न किसिमका दस्तुरहरुको बहानामा पटक पटक गरी रु. ३,५०,०००।- लिएर श्री ने.रा.प्रा.वि. कौवाबन कटैया -९ पर्साको च.नं. ३९ मिति २०७४।२।१ को नियुक्ति पत्र, जिल्ला शिक्षा कार्यालय पर्साको च.नं. ३२९ मिति २०७४।२।१ को अभिलेख कायम गरी दरवन्दि सहित श्री ने.रा.प्रा.वि. पाण्डेपुर पर्सामा सरुवा भएको पत्र र श्री ने.रा.प्रा.वि. कौवाबन कटैया - को च.नं. ३७ मिति २०७४।७।२० को श्री ने.रा.प्रा.वि. पाण्डेपुरमा हाजिर हुन जाने रमानापत्र समेत दिइ निज राजेश्वर प्रसाद चौरसिया आफैंले साथ लिइ गइ श्री ने.रा.प्रा.वि. पाण्डेपुर पर्सामा हाजिर गराए बमोजिम श्री ने.रा.प्रा.वि. पाण्डेपुर पर्सामा कार्यरत रहेको हो भनि वयान गरेको देखिन्छ।प्रतिवादी राजेश्वर प्रासाद चैरसियाले अनुसन्धान अधिकारी समक्ष बयान गर्दा नागेन्द्र पटेल भन्ने नागेन्द्र प्रसाद_समेतको आग्रहमा रमानापत्र मैले लेखिदिएको हुँ र निकासाको लागी सिफारिस गरिदिएको हुँ भनी बयान गरेको देखिएबाट गलत तथा नक्कलि कागजातहरुका आधारमा विभिन्न व्यक्तिहरुलाई शिक्षकको रुपमा तलव भत्ता समेत भुक्तानी दिलाउन एवं गैरकानूनी लाभ प्राप्त गर्न प्रतिवादी नागेन्द्र पटेल भन्ने नागेन्द्र प्रसादले जगरनाथपुर गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय शिक्षा शाखाका शिक्षा अधिकृत (विद्यालय निरीक्षक) राजेश्वर प्रसाद चौरसियाको निजले सहयोगी मतियारको भूमिका निर्वाह गरेको पुष्टी भै रेहेको अवस्थामा प्रमाण ऐन २०३१ को दफा ९ तथा अभियोग लागेको व्यक्तिले सो अभियोगबाट उन्मुक्ति पाउन वा सजायमा कमी वा छुट पाउने जिकीर लिएमा सो कुराको प्रमाण पुर्‍याउने भार पनि निज उपर नै हुन्छ भनी सर्वोच्च अदालतबाट प्रतिपादित सिद्धान्त (ने.का.प २०६७ भाग ५२ अंक ४ निर्णय नं. ८३४०) को मुल्याङ्कन नै नगरी विशेष अदालतबाट प्रतिवादी नागेन्द्र पटेल भन्ने नागेन्द्र प्रसादलाई सफाई दिने गरी भएको फैसला त्रुटिपूर्ण रहेको छ। |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | बमोजिमको कसुरमा मतियार हुने कार्य कसूर गरेको पुष्टि हुन आएकोले निज प्रतिवादी नागेन्द्र पटेल भन्ने नागेन्द्र प्रसादलाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २२ को प्रतिवन्धात्मक वाक्यांशमा उल्लेख बमोजिम रु. ३,०४,२१०।- (तीन लाख चार हजार दुई सय दश) बिगो कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) र दफा ३ को उपदफा (१) को खण्ड (घ) बमोजिम सजाय हुन मागदावी लिइएको | पत्र तयार गरी अर्कै विद्यालयमा वहाल गराउने गरी सबै मुद्दामा करीव एकै प्रकारको तरिका ( Modus operendi) अपनाईएको पाईन्छ। तर सबै मुद्दामा नक्कली कागजात तयार गर्नमा यी प्रतिवादी राम विलास प्रसाद पटेलको भूमिका रहेको भन्ने दावी नै रहेको पाईंदैन । यसरी निज राजेश्वर प्रसाद चौरसीया र प्रतिवादी रमेश शर्माको मिलोमतोमा रिसवत लेनदेन गरी नक्कली कागजात खडा गरी उक्त कार्य गरेको स्थापित भैसकेको अवस्थामा प्रतिवादी राजेश्वर प्रसादको अनुसन्धान अधिकारी समक्षको पोल बयान मात्रको आधारमा यी प्रतिवादीको पनि संलग्नता रहेको भन्न मिलेन । | |